हस्ताक्षरबाट चल्नु पर्ने बैंक खाता संचालनमा गर्ने पर्नेमा उक्त माईन्यूट हुन नसकी संस्थामा जम्मा हुनुपर्ने रकम संस्थाका तत्कालिन कर्मचारी र पछि सचिव समेत रहेका प्रतिवादी अमित कार्कीको एक्सेल डेभलोपमेन्ट बैंक र सिटिजन बैंकमा रहेको ब्यक्तीगत खातामा जम्मा भएको हुँदा संस्थाको दायित्व रकम र हाल छानविन समितिबाट पेश भएको प्रतिवेदनमा रहेको बिबरणमा उल्लेख भएको रकम फरक पर्न गएको हो, अमित कार्कीले संस्थाका कर्मचारी समेतबाट आफ्नो ब्यक्तीगत खातामा जम्मा गरेको रकमको बैंक स्टेटमेण्ट समेत वयान साथ पेश गरेको छु, संस्था २०६८/०६९ साल देखि नै सामान्य घाटामा गएको र सो घाटालाई नियमन गरी पूर्ति गर्ने र संस्थालाई नाफा बनाउने कुरामा संस्थाका पदाधिकारीहरुको सहमती भए पनि म एक्लैको प्रयासले संस्थाको घाटा पूर्ति नहुने र सबै क्षेत्रमा म आफैले ध्यान पुऱ्याउन नसक्ने भएका कारण पहिले देखि हाल सम्मका पदाधिकारी र कर्मचारीलाई मैले बिश्वास गरेको थिए। संस्था घाटामा रहेको देखाउँदा संस्था संचालनमा समस्या हुने र सबै बचतकर्ताले एकै पटक बचत फिर्ता माग गर्न सक्ने भएकाले पनि अडिटरहरुबाट पेश भएका बार्षिक प्रतिवेदनहरु पेश गरेका हौं। संस्थाको हितमा काम गर्दा गर्दै पनि घाटा भने भएकै थियो, तर हाल सो प्रतिवेदनले औंल्याए जति घाटामा भए जस्तो लाग्दैन, संस्थामा आवद्ध संचालक, पदाधिकारी, कर्मचारी समेतले दोहोरो जिम्मेवारीमा काम गर्नु पर्ने भएकोले तलव सुबिधा नभए पनि पारिश्रमिकको रुपमा नभई भत्ता शिर्षकमा संस्थामा आवद्ध संचालक, पदाधिकारी, कर्मचारी समेतले सहकारीबाट हालसम्म लिएको रु.१,१०,८२,६०१।- (एक करोड दस लाख बयासी हजार छ सय एक रुपैया) प्रतिवेदनमा देखाएको हुनुपर्छ, उक्त प्रतिवेदनमा उल्लेख भएको अन्य ब्यक्तीहरुले ऋण लिएको सम्बन्धमा खुलाउन सक्दिन, मेरो भाई ईन्द्रेश कर्ण अघिल्लो कार्य समितिको सदस्य भएको कारण आफैले ऋण लिएको हुन। ज्वाई लक्ष्मेन्द्रमोहन चौधरीले लिएको ऋण संस्थाका लेखापाल श्याम कोईराला र सचिव उत्तम ढुंगेल मार्फत जम्मा गरी सकेको भनि बताएको थिए। भौचर लिनु भयो भएन थाहा छैन। उत्तम ढुंगेलले संस्थाको पैसाले नै मोटरसाईकल लिएका थिए। कति पैसा लिए थाहा छैन, उनले सो रकम फिर्ता गरेका छैनन, संस्था घाटामा रहेको प्रतिवेदन पेश हुँदा निक्षेपकर्ताहरुले कारोबार नगर्ने र संस्था नै बन्द हुने अवस्था भएको र लेखापरीक्षणमा भएको हिसाब अनुसार नाफाको राजश्व तिरीएको हो, उचन्ति हिसाबमा देखिएको रकममा म बाट खर्च भएको रु.१३,४४,३७२।- (तेह्र लाख चौवालिस हजार तिनसय बहत्तर) संस्थाबाट लिएको र पारिश्रमिक समेतको रकम हो। मैले पनि १० लाख माथि रकम बचत पनि गरेको थिए, अन्य ब्यक्तीहरुले पनि सोही अनुसार लिएका छन, उनीहरुको हिसाब कति छ थाहा छैन, सोही रकमबाट तत्कालिन कर्मचारी दिलिप साहको नाममा सुनसरीको धरान उप-म.न.पा. वडा नं. ८ मा ६ धुर जग्गा लिएकोमा सो जग्गा अधिकृत वारेश गरी अमित कार्कीलाई दिएका थिएँ, संस्थाको नाममा आएको छैन, म अध्यक्ष हुँदा सो रु.५७,६२,८५३।-(सन्ताउन्न लाख बैसठ्ठी हजार आठसय त्रिपन्न रुपैया) को हिसाब संस्थामा नरहेका कारण मैले नै संस्थाको पैसाको हिसाब हुनुपर्छ भनि खातामा जनाउन सिफारीस गरेको हो, छानविन समिति प्रतिवेदन पेश गर्ने आर.सि. रामचन्द्र गौतम समेतले के कुन बिधिबाट सो हिसाव प्रतिवेदन दिनु भएको हो मलाई थाहा भएन, हामीले बचतकर्ताहरुको फिर्ता गर्नु पर्ने निक्षेप रकम फिर्ता गर्न बाँकी छ। मैले ब्यक्तीगत रुपमा रकम हिनामिना गरेको होईन, हाम्रो संस्थाबाट संचयकोष, शिक्षा कोष र जगेडा कोष स्थापना गरेको छौं। तर रकम के कति जम्मा छ एकिन थाहा छैन, सो को हिसाब र रकम संस्थामा नै जम्मा हुने गरेको थियो। संस्थामा आवद्ध रहेका सदस्यहरु तथा सेयर सदस्यहरु समेतले बिभिन्न मितिमा धितो राखेर तथा धितो नराखी ऋण लिएको हुन। छानविन प्रतिवेदनको ब्यहोरामा उल्लेख भएको रकम र नामावली बिबरण संस्थाको सफ्टवयरबाटै निकालिएको हुँदा ऋणहरुको नाम सहि हो भन्ने लाग्छ, सबै ऋणीहरुलाई चिन्न सक्दिन। संस्थामा आवद्ध रहेका समितिका पदाधिकारी, कर्मचारी, सदस्य समेतबाट सिफारिस भई आएका ब्यक्तीहरुले ऋण लिएका हुन, जसमध्ये धेरैजसो रकम ब्यक्तीहरुले बिना धितो ऋण लिएको र केही ब्यक्तीहरुले खराब कर्जा समेत लिएका छन, ऋण प्रवाह गर्दा कर्जा कागज (तमसुक) बनाएरै दिने गरेको थियो। संस्थाका सचिव समेत रहेका अमित कार्कीले लोन बितरणको काम गर्ने र सो

लोन प्राप्त गर्ने ब्यात्तीलाई दिने ऋणको चेकमा पनि मेरो र अमित कार्कीको संयुक्त हस्ताक्षर चल्थ्यो भन्ने समेत ब्यहोराको **प्रतिवादी अमलेश कुमार कर्णले गरेको पुनः सोधपुछ कागज।**

**४. बरामदी/खानतलासी मुचुल्काः**

जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं.७ स्थित पूर्वमा सनि मन्दिर रोडको घर, पश्चिममा कोशी लोकराजमार्ग, उत्तरमा बिश्वास श्रेष्ठको घर र दक्षिणमा मल्टी ग्लास स्टोर रहेको घर यति चार किल्ला भित्र रहेको विवस श्रेष्ठको पश्विम मोहडाको २ तलको पक्की घर, सो घरको दोस्रो तल्लामा माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्था लिमिटेडको कार्यालय रहेको सो कार्यालयमा कानूनको रित पुऱ्याई खानतलासी गर्दा Goldkist लेखिएको CPU थान १, सनातन कुमार मण्डल, श्यामराज कोईराला, उत्तम ढुंगेल, प्रभाकर थापा, सोमी भगत, तिर्थ प्रसाद यादवको नामको नेपाली नागरिकताको प्रतिलिपीहरु १/१, राजु गुप्ता, दिपेन्द्र कुमार क्षेत्री, श्याम कुमार श्रेष्ठ, बेलादेवी राजबंशी, भिम प्रसाद सिंह, कुमार श्रेष्ठ, कैलाश प्रसाद गुप्ता, नमराज गिरी, प्रकाश अधिकारी, निरन्जन भगत, राजन कुमार छाराहाङ, अरबिन्द कुमार दास, बलराम खतिवडा, रोशन बज्रचार्य, भिम कुमार राय, ऋतेश बराल, दिलिप कुमार साह, सुरज लामिछाने, बिष्णुबहादुर दाहाल, टिका गुरुङ, रघुनाथ साह, तुलसी थापा, प्रेमप्रकाश न्यौपाने, मनिष गुरुङ, आशिष खनाल, राम प्रसाद भट्टराई, प्रनम राजबंशी, बजरंग गुप्ता, अनिता कुमारी महत्तो, सरु भण्डारी, चुडामणी बराल, बजरंग गुप्ता, ज्ञानु श्रेष्ठ, सुमन राय, संजिव ठाकुर, सोनु महत्तो, सायमा राजबंशी, शंकर यादव, राज राजबंशी, ईन्द्रकमल राजबंशी, मिलन कार्की, प्रतिभा सुब्बा, सुसिल रेग्मी, भुवनेश्वर यादव, कुलदिप शर्मा, मोमहद फिरोज, प्रबिन थापा, राज राजबंशी, डम्बरसिंह तामाङ, हिम कुमारी लिम्बु, मनोज कामत, मोहमद ऐयुव, रन्जना अग्रवाल, नकुल सहनी, सुवास अमात्य, सम्सद अलि मिया, उमेश कामत, अशोक कुमार परियार, आनन्द कुमार चौधरी, हेमु थापा, रमेश चापागाई, निरज बस्नेत, टिकामान कार्की, सचिन पोखरेल, अनुप घिमिरे, किसन सुरन, मन्जु शर्मा, ईन्द्रेस कर्ण, सुमन सापकोटा, यज्ञ बहादुर कार्की, सुमन बिश्वास, अगरबत्ती राजबंशी, बाशुदेव रिजाल, बोध प्रसाद पोखरेल, बिकाश गुरुङ, छत्र लिम्बु, गौतम भण्डारी, लक्ष्मेन्द्र मोहन चौधरी, मोहमद ओसिम आलम, मान बहादुर कार्की, मन्दिरा तिवारी, नवराज पौडेल, निरज कुमार साह, निरज श्रेष्ठ, पुरुषोत्तम आचार्य, प्रल्हाद मल्लिक, प्रबिण रिजाल, प्रकाश पौडेल, तपन कुमार सिंन्हा, राजेश प्रसाद केसरी, रेगन कर्डेल, राम दुलार राजबंशी, रामशंकर दुवे, रघुनन्दन चौधरी, संजय बिक्रम अधिकारी, सोहनलाल राजबंशी, सुमन उपाध्यय, सरस्वती राजबंशीको नामको ऋण फायलहरु थान १/१, माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्थाको विनिमय २०५७ थान १, उत्तम ढुंगेलको जग्गाको धनीपुर्जा प्रतिलिपी थान १, प्रभाकर थापा, सुवोध महत, नारायण प्रसाद कोईराला, ईन्द्रेश कर्ण, गोकुल थापा, बिजय कुमार कर्ण, गोपाल प्रसाद ढकालको नामको नेपाली नागरिकताको प्रतिलिपीहरु थान १/१ बरामद भएको भन्ने समेत ब्यहोराको **बरामदी/खानतलासी मुचुल्का।**

**माछापुच्छ्रे सहकारी संस्थामा ऋणि प्रतिवादीहरुले ऋण लिएको विवरणको तालिकाः**

| सि.नं. | नाम थर | रकम | सि.नं. | नाम थर | रकम |
|---|---|---|---|---|---|
| १ | अगरबत्ती राजबंशी | रु.५४८६८ | ९३ | अजय कुमार साह | रु.४८५७२ |
| २ | अजय मण्डल | रु.६०६५४४ | ९४ | अजय श्रेष्ठ | रु.४७७६३ |
| ३ | अम्बेस कुमार भुजेल | रु.११८८२३ | ९५ | आनन्द कुमार चौधरी | रु.८८८८३ |
| ४ | अनिल पौदार | रु.४३२४१८ | ९६ | अनिता कुमारी महत्तो | रु.४३३७९१ |
| ५ | एन्जिला देवी मण्डल | रु.८७५०० | ९७ | अनुप घिमिरे | रु.१७३६११ |
| ६ | अरबिन्द कुमार दास | रु.३९२७२३१ | ९८ | अर्जुन प्रधान | रु.८२८१२ |
| ७ | अशोक कुमार परियार | रु.१५४२९५ | ९९ | आशिष खनाल | रु.१७८८४६५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | अशोक कुमार भगत | रु.३९८५५३ | १०० | अशोक कुमार कामत | रु.१२४६३१ |
| ९ | बजरंग गुप्ता | रु.१४६१६४ | १०१ | बलराम खतिवडा | रु.५२०४८० |
| १० | बनेलाल मुर्मु सतार | रु.११०९०१ | १०२ | बसन्त केवट | रु.१२७७७५ |
| ११ | बाशुदेव रिजाल | रु.६९२८८ | १०३ | बेबी मण्डल | रु.५६३८५७ |
| १२ | बचनलाल पौदार | रु.४२३६६८ | १०४ | बेलादेवी राजबंशी | रु.१८२१४६७ |
| १३ | भिम प्रसाद सिंह | रु.१९८६१७८ | १०५ | भिम राय | रु.१७३९७ |
| १४ | भुवनेश्वर यादव | रु.८३९९४ | १०६ | बिजय नारायण पौदार | रु.२१८८५१ |
| १५ | बिकाश गुरुङ | रु.५७१९९ | १०७ | बिकु मण्डल | रु.१५०२२८ |
| १६ | बिमला कामत | रु.६१३१५७ | १०८ | बिनोद कुमार राजबंशी | रु.८८२३४ |
| १७ | बिष्णु बहादुर दाहाल | रु.२१२५५८ | १०९ | बोध प्रसाद पोखरेल | रु.१८८२७ |
| १८ | चम्पल नारायण मुर्मु | रु.८०४५० | ११० | चन्द्रलाल राजबंशी | रु.९५७८६ |
| १९ | छत्र लिम्बु | रु.४६२५२६ | १११ | चित्र बहादुर थापा | रु.५३५५१५ |
| २० | चुणामणी बराल | रु.४३५९८ | ११२ | चुडामनी मण्डारी | रु.४२६६९ |
| २१ | डम्बरसिह तामाङ | रु.२७८२४ | ११३ | देवानन्द कामत | रु.६२११८२ |
| २२ | ध्रुब कुमार क्षेत्री | रु.२९१९८२ | ११४ | दिल बहादुर भण्डारी | रु.९१९५९ |
| २३ | दिलिप कुमार साह | रु.५६९३०२ | ११५ | दिपक मिश्र | रु.१४६११ |
| २४ | दिपेन्द्र कुमार क्षेत्री | रु.२७३७५३२ | ११६ | दिपेश मास्के | रु.५५२०२६ |
| २५ | फुलमती साह | रु.५२९४१७ | ११७ | फिरोज रईन | रु.५४९००७ |
| २६ | गौतम भण्डारी | रु.६४४८९ | ११८ | गोदवरी कुमारी | रु.५२०६२१ |
| २७ | गोलवती राम | रु.२०५३८ | ११९ | गोपाल ढकाल | रु.१२५४७७ |
| २८ | ज्ञानु श्रेष्ठ | रु.३७३१६ | १२० | हसिम मिया | रु.३५८९०१ |
| २९ | हेमु थापा | रु.५८२४५९ | १२१ | हिम कुमारी लिम्बु | रु.३२५६११५ |
| ३० | ईन्द्रकमल राजबंशी | रु.५०३९९१ | १२२ | ईन्द्रलाल राजबंशी | रु.१२७३८९ |
| ३१ | ईन्द्रेश कर्ण | रु.४९२००० | १२३ | जमुना भुजेल | रु.१०५९१७ |
| ३२ | जानकी कुमारी गुप्ता | रु.९८५१८ | १२४ | जुहारन खातुन | रु.६४३००३ |
| ३३ | जोगिया कामत | रु.१०१८८७ | १२५ | कैलाश गुप्ता | रु.५२३०२१ |
| ३४ | कलिम मिया | रु.१३१७६८ | १२६ | किसन सुरन | रु.३७१६९७ |
| ३५ | किशोर कुमार हलवाई | रु.१६२४९६ | १२७ | कृष्ण कुमार चौधरी | रु.१२२५७६ |
| ३६ | कुलदिप शर्मा | रु.७८६५२ | १२८ | कुमार श्रेष्ठ | रु.५३३८१५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३७ | लक्ष्मेन्द्र मोहन चौधरी | रु.२७५२६३ | १२९ | मान बहादुर कार्की | रु.४६१९९ |
| ३८ | मन्दिरा तिवारी | रु.७८०७५ | १३० | मनिष गुरुङ | रु.६९९५८ |
| ३९ | मनिता कुमारी साह | रु.१२७३६२ | १३१ | मन्जु शर्मा | रु.१५६६९० |
| ४० | मनोज बिक्रम रोक्का | रु.८९६३१ | १३२ | मनोज कामत | रु.१८७७२० |
| ४१ | माया सिन्जाली मागर | रु.५७९५१६ | १३३ | मोहमद नईम खान | रु.६०१७६ |
| ४२ | मोहमद ऐयुव | रु.१९८६२० | १३४ | मोहमद फिरोज | रु.२७२७७ |
| ४३ | मोहमद हलिम शेख | रु.१३९८८३ | १३५ | मोहमद लालबाबु हुसैन | रु.१५०४०७ |
| ४४ | मोहमद ओसिम आलम | रु.७९६५० | १३६ | मिलन कार्की | रु.११९२०४ |
| ४५ | मुकुन्द सुवेदी | रु.२५६१८५ | १३७ | नकुल सहनी | रु.२६४५९० |
| ४६ | नवराज गिरी | रु.३४०५५९ | १३८ | नन्दकिशोर राय | रु.४०५८७९ |
| ४७ | नपनलाल माझी | रु.४७३७६ | १३९ | नवराज पौडेल | रु.१००९५२३ |
| ४८ | निराज बस्नेत | रु.९९८१६ | १४० | निरज कुमार साह | रु.२८४३६१ |
| ४९ | निराज श्रेष्ठ | रु.१५१२४ | १४१ | निरन्जन भगत | रु.१७८१२३७ |
| ५० | नुतन देवी राय | रु.४२३०७ | १४२ | पशुपती भगत | रु.१५०९५२ |
| ५१ | पशुपती हार्डवयर | रु.१२३४००० | १४३ | पवन कुमार राजबंशी | रु.१४६४१५ |
| ५२ | प्रविन रिजाल | रु.३६२०९ | १४४ | प्रबिन थापा | रु.४४७२८ |
| ५३ | प्रदिप कुमार साह | रु.४७०९३२ | १४५ | प्रकाश अधिकारी | रु.२४०६१४ |
| ५४ | प्रकाश पौडेल | रु.२४८२३९ | १४६ | प्रल्हाद मल्लिक | रु.१२६२८५ |
| ५५ | प्रतिभा सुब्बा | रु.१८१६७९७ | १४७ | प्रेम प्रकाश न्यौपाने | रु.३०२८५ |
| ५६ | पुनम राजबंशी | रु.४४५४४ | १४८ | पुरुषोत्तम आचार्य | रु.५९१५८ |
| ५७ | रुद्रदेवी लिम्बु | रु.१२६५२८८ | १४९ | रुद्रदेवी साह | रु.४१०२९५ |
| ५८ | रघुनन्दन चौधरी | रु.२०६२७ | १५० | रघुनाथ साह | रु.५५७७९३ |
| ५९ | रहमत मिया | रु.३८८७०५ | १५१ | राज कुमार राय | रु.१६४७१४ |
| ६० | राज राजबंशी | रु.३३३५८।- | १५२ | रजमुल महमद मिया | रु.५८८८९३ |
| ६१ | राजन कुमार छाराहाङ | रु.४३७६२२ | १५३ | राजेश प्रसाद केसरी | रु.१८७१४२ |
| ६२ | राजेश पौडेल | रु.३९९८२६ | १५४ | राज कुमार साह | रु.१३१२३२ |
| ६३ | राजु गुप्ता | रु.१४७३५६ | १५५ | रामभरोस मण्डल | रु.१४८९१२ |
| ६४ | राम दुलर राजबंशी | रु.५१६९१५ | १५६ | राम कुमार राय | रु.१२७५९६ |
| ६५ | राम कुमार साह | रु.५०९१३५ | १५७ | राम प्रसाद भट्टराई | रु.३७५८३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६६ | रामशंकर दुवे | रु.२६०९८४ | १५८ | रमन सिंन्हा | रु.२४३३८० |
| ६७ | रमेश चापागाई | रु.१४०५०५९ | १५९ | राम कुमार ठाकुर | रु.१२०३५५ |
| ६८ | रन्जना अग्रवाल | रु.२७६३६ | १६० | रन्जित वास्की | रु.५०२६२९ |
| ६९ | रन्जित राय | रु.६१३७३४ | १६१ | रन्जिता कुमारी साह | रु.१११४५१ |
| ७० | रेगन कडेंल | रु.४८४१२ | १६२ | रितेश बराल | रु.८०९१०१ |
| ७१ | रोहित आचार्य | रु.६४७५१ | १६३ | रोनिश कटुवला | रु.१५९०७७ |
| ७२ | रोशन बज्रचार्य | रु.१०५०९८ | १६४ | रोशन सहनी | रु.३६४३१ |
| ७३ | सविन थापामगर | रु.१३६८६९ | १६५ | सचिन पोखरेल | रु.२८६६५३ |
| ७४ | सद्दाम हुसैन | रु.९८९०० | १६६ | समिला खातुन | रु.३३५१८९ |
| ७५ | संजय बिक्रम अधिकारी | रु.१०५६३७ | १६७ | संजय कामत | रु.७४९२२ |
| ७६ | संजिव ठाकुर | रु.१५२९९२ | १६८ | सन्तोष गुप्ता | रु.३७३८३७ |
| ७७ | सरवलाल माझी | रु.६४९७८ | १६९ | सरस्वती राजबंशी | रु.१५४१७६ |
| ७८ | सरु भण्डारी | रु.६४८१४ | १७० | समसद अलि मिया | रु.९७२५३६ |
| ७९ | शम्भु कामत | रु.३६६३५ | १७१ | शंकर यादव | रु.७८४४८ |
| ८० | श्याम कुमार श्रेष्ठ | रु.७५०८५३ | १७२ | सायमा राजबंशी | रु.१०३७० |
| ८१ | सोहनलाल राजबंशी | रु.३३२११ | १७३ | सोनु महत्तो | रु.६२४०९ |
| ८२ | सुवास अमात्य | रु.३२३२२६ | १७४ | सुधलाल चौधरी | रु.४७४१४४ |
| ८३ | सुमन बिश्वास | रु.३०२५०३ | १७५ | सुमन राय | रु.८१९५१ |
| ८४ | सुमन सापकोटा | रु.१०९०३७ | १७६ | सुमन उपाध्यय | रु.१०२९५८ |
| ८५ | सुरज लामिछाने | रु.५६२०७ | १७७ | सुरेन्द्र अधिकारी | रु.१२३९८१ |
| ८६ | सुसिल रेग्मी | रु.६३८२३४ | १७८ | सुभन आलम | रु.६२६८८ |
| ८७ | सुभन मिया | रु.५९९२३२ | १७९ | तपन कुमार सिंन्हा | रु.१२४६१५९ |
| ८८ | टिका गुरुङ | रु.३९९५४४ | १८० | टिकामान कार्की | रु.२०५३३० |
| ८९ | तिलक राजबंशी | रु.८८६७१ | १८१ | तुलसी थापा | रु.१७९३७६ |
| ९० | उमेश कमात | रु.२७७४५८ | १८२ | उमेश कुमार सहनी | रु.५५३००६ |
| ९१ | उपिया सरवरिया | रु.६६०३९४ | १८३ | यादव ढकाल | रु.२३७०२४ |
| ९२ | यज्ञ बहादुर कार्की | रु.२५८२३।- | | | |

ऋण लिएको जम्मा रकम रु.६,३४,७६,२२६।- (छ करोड चौतिस लाख छयतर हजार दुई सय छब्बिस) रहेको छ।

**<u>माछापुच्छ्रे सहकारी संस्थाको २०८० माघ मसान्तसम्मको वासलातः</u>**

| सिनं | बिबरंण | अनुसुची | ले.प. प्रतिवेदन अनुसार | बास्तबिक खाता अनुसार |
|---|---|---|---|---|
| १ | पूजि र दायित्व | | मिति २०८० माघ मसान्त | मिति २०८० माघ मसान्त |
| | शेयर हिसाब | | ०।०० | १४,७५,१००।०० |
| | कोष हिसाब | | ०।०० | ४,६७,१९८।३४ |
| | निक्षेप हिसाब | | ०।०० | ६,२७,०६,३४७।०० |
| | ऋण लिएको हिसाब | | ०।०० | ८,६६,१४१।६३ |
| | अन्य दायित्व हिसाब | | ०।०० | १,२९,११,५४९।०० |
| | कुल दायित्व | | ०।०० | ७,८४,२६,३३५।९७ |
| २ | सम्पति र जेथा | | | |
| | नगद मौज्दात | | ०।०० | ५८,०५,०७७।०० |
| | बैंक मौज्दात | | ०।०० | ४,६०,१८९।३७ |
| | लगानी हिसाब | | ०।०० | १,२०,०००।०० |
| | ऋण लगानी | | ०।०० | १,८१,५४,९८५।०० |
| | पाउनु पर्ने हिसाब | | ०।०० | २५,३३,३६६।०० |
| | स्थिर सम्पति | | ०।०० | १,६५,८७१।७२ |
| | संचित नोक्सान | | ०।०० | ५,११,८६,८४६।८८ |
| | **कुल सम्पति** | | **०।००** | **७,८४,२६,३३५।९७** |

## <u>अभियुक्त उपरको अभियोग</u>:

यसमा जिल्ला प्रहरी कार्यालय, मोरङबाट अनुसन्धानको कार्य भई निर्णयार्थ प्राप्त हुन आएको मिसिल संलग्न जाहेरी दरखास्त, बरामदी/खानतलासी मुचुल्का, पक्राउ प्रतिवादीले गरेको वयान समेतका आधार प्रमाणहरुबाट बिरुद्ध खण्डमा उल्लिखित प्रतिवादीहरु **अमलेस कुमार कर्ण कायस्थ, सनातन कुमार मण्डल, उत्तम ढुंगेल, सोमी भगत, संजय भन्ने प्रभाकर थापा, तिर्थ प्रसाद यादव, श्यामराज कोइराला, गोपाल प्रसाद ढकाल, संजय कुमार कर्ण, निर्मला चौधरी, पंकज कुमार बर्मा, गोकुल थापा, अमित कार्की, बिजय कुमार कर्ण, ईन्द्रेश कुमार कर्ण, राधादेवी लिम्बु, दिलिप कुमार साह, विनोद महत, सूर्य कुमार साह, भिम प्रसाद सिंह, राजु गुप्ता, दिपेन्द्र कुमार क्षेत्रीले माछापुच्छ्रे सहकारी संस्था लि.मा संचालक समिती तथा ऋण समिती समेतमा रहेका संस्था पदाधिकारीहरुले संस्था बचतकर्ताहरुले जम्मा गरेको रकम तथा संस्थामा भएको रकम अन्य सम्पत्ती समेत खाने पचाउने नियतले बिना धितो सहकारीको नियम बिनियम बिपरीत ऋण समेत प्रवाह गरी अन्य ऋणिहरुसँग समेत मिलेमतो गरी संस्थाको जम्मा रकम रु.७,८४,२६,३३५।९७ (सात करोड चौरासी लाख छब्बिस हजार तीन सय पैतिस रुपैयाँ सन्तानब्बे पैसा) हिनामिना गरी** सहकारी ऐनले निषेधित कार्य कसूर गरेको वारदात स्थापित हुन आयो।

अब, निज बिरुद्ध खण्डमा उल्लिखित प्रतिवादीहरुले गरेको कसूर अपराधमा के कस्तो सजायको मागदावी लिने हो भनी मिसिल संलग्न कागजातहरु अध्ययन गरी हेर्दा माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्थाका संचालक समितिका अध्यक्ष अमलेस कुमार कर्ण लगायतका पदाधिकारी तथा सदस्य, लेखा समितका संयोजक, सदस्य समेत भई

उक्त संस्थाको बचतकर्ताहरुलाई सहकारीमा बचत तथा मुद्धतिमा आकर्षक ब्याज दिने प्रलोभनमा पारी बचतकर्ताले बचत गरेको रकम हिनामिना गरेको र पटक-पटक उक्त रकम फिर्ता गर्न भनी ताकेता गर्दा बचत रकम फिर्ता नगरेको हुँदा कानून बमोजिम कारवाही गरी पाउँ भन्ने ब्यहोरामा दुर्गा हुमागाई समेतका जम्मा १०१ जनाले दिएको संयुक्त जाहेरी तथा माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्थाका पदाधिकारी लगायतको ब्यक्तीबाट संस्थामा जम्मा भएको बचतकर्ताहरुको रकमहरु हिनामिना गरी ठगी गरेको हुँदा कारवाही गरी दिने भनि **प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय कोशी प्रदेशबाट प्राप्त बिबरण सहितको पत्र जाहेरीबाट उठान भएको प्रस्तुत मुद्दामा २०६८ साल देखिको वासलात, लेखा बिज्ञको प्रतिवेदन अध्ययन गर्दा संस्था क्रमश घाटामा जादै गरेको र अन्तिम वासलात र दायित्व अनुसुची विवरण हेर्दा २०८० माघ मसान्तसम्म सबै संचालक सदस्य, व्यवस्थापक लगायतले संस्थाको कुल बिगो रु.७,८४,२६,३३५।९७ (सात करोड चौरासी लाख छब्बिस हजार तीन सय पैतिस रुपैयाँ सन्तानब्बे पैसा) बराबरको बचत, बचतको ब्याज, आय सम्पत्ती समेत मासी संस्थानै धारासायी बनाएको देखिन आयो। प्रतिवादी अमलेश कुमार कर्णले बयान गर्दा** २०७८।९।२७ गतेको २० औ साधरणसभाबाट अध्यक्षमा म अमलेस कुमार कर्ण, उपाध्यक्ष सनातन मण्डल, सचिव उत्तम ढुंगेल, कोषाध्यक्ष सोमि भगत, सदस्यहरुमा प्रभाकर थापा, श्याम कोईराला, तिर्थ यादव हुन, लेखा समितिमा गोपाल ढकाल संयोजक, सदस्यहरु संजय कुमार कर्ण र निर्मला चौधरी छन्, ब्यवस्थापक, कार्यालय प्रमुख अमित कार्की हुन, लेखापालको रुपमा संचालक समितिका सदस्य श्याम कोईरालाले नै हेर्ने गर्थ्यै, खजान्सीको रुपमा सरु भण्डारी र बिनिता अधिकारी थिए, नगद संकलनकर्ताहरुमा राजन निरौला, सरस्वती भट्टराई, रोशन कोईराला, निर्मला भेटवाल, सुर्य कुमार साह, पुर्णमाया महत, रन्जु कोईराला, सिता घिमिरे, गोपाल ढकाल समेत छन, साधरणसभाबाट संस्थाका संचालक समितिका पदाधिकारीहरु, लेखा सुपरिबक्षक समिति चयन गरिन्छ, कर्मचारीहरु आवश्यक परेमा संचालक समितिको बैठकले निर्णय गरी विज्ञानपन गरेर वा नगरी आन्तरिक तथा बाह्य कर्चमारीहरु नियुक्ती गरिन्छ। माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्था लिमिटेडका संचालक समितिका पदाधिकारी, लेखा सुपरिबक्षक समितिका पदाधिकारीहरुको मासिक तलब कानून संगत रुपमा तोकिएको छैन, कामको शिलसिलामा कार्यालयमा आएको र संस्थामा हुने बैठक भत्ताको मात्र सुबिधा छ। तर म संस्थाको दैनिक काममा कार्यालयमा नै खटिने हुँदा मासिक रु.१७,०००।- (सत्र हजार) भत्ताको रुपमा सुविधा दिने निर्णय भएको थियो। संस्थाको ब्यवस्थापक अमित कार्कीलाई संस्थाले मासिक तलवको रुपमा रु.२०,०००।- खाजा खर्च, फ्युल खर्च, ओभरटाईम समेतको जोडेर हुन आउने रकम संस्थाले दिने निर्णय भएको थियो, बजार प्रतिनिधिहरुलाई निजहरुले कलेक्सनको आधारमा निर्धारण हुन्थ्यो, कर्मचारीहरुको हकमा भने योग्यता र काम अनुसारको तलव सुबिधा हुने भएकोले मासिक रु.७,०००।- देखी रु.१२,०००।- सम्म मासिक तलव, खाजा खर्च, फ्युल खर्च र ढुवानी खर्च पाउँथे। माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्था लिमिटेडको नाउँमा एभरेष्ट बैंक लिमिटेडमा र एनआईएमबि बैंक लिमिटेडमा रहेको खाता ओम शर्मा (२०६८ पछी हटेको), म अध्यक्ष र प्रभाकर थापाको हस्ताक्षरबाट चल्ने, सिटिजन बैंक लिमिटेडमा म अध्यक्ष, प्रभाकर थापा र अमित कार्कीको हस्ताक्षरबाट चल्ने, राष्ट्रिय सहकारी बैंक लिमिटेडमा उत्तम ढुंगेल, म अध्यक्षको अनिवार्य हसताक्षरबाट चल्ने, स्टार को-अपरेटिभ लिमिटेडमा र नविल बैंक लिमिटेडमा ओम शर्मा (२०६८ पछी हटेको), म अध्यक्ष र प्रभाकर थापाको हस्ताक्षरबाट चल्ने बैंक खाताहरु संचालनमा रहेको छ, बैंक खातामा संस्थाको छाप अनिवार्य रहनु पर्छ, संस्थाबाट संचालनमा रहेको बैंक खातामा के कती रकम मौज्दात छ भन्ने थाहा छैन, माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्था लिमिटेडको कर्जा नीति नियम तथा कार्यबिधी अनुसार व्यवसायिक कर्जा, निक्षेप धितो कर्जा, कर्मचारी सहुलियत कर्जा, मोटरसाईकल खरिद प्रयोजन, घर जग्गा कर्जा, व्यक्तिगत प्रयोजन कर्जा, सामुहिक जमानी कर्जा, शैक्षिक कर्जा, लघु उद्योग कर्जा, आवधिक कर्जा र एक भन्दा बढी कर्जा लगानी गर्न सक्ने प्रावधान रहेको छ। ऋण लगानीको सिमाको बिषयमा साधारण सभाबाट पारित गरेका थियौ, ऋण रकम आवश्यक पर्ने व्यक्तिले आवश्यक कागजातहरु पेश गरे पश्चात बजार ब्यवस्थापक समेतको टोली फिल्डमा खटी गई धितोको मुल्याङकनको आधारमा सिफारिस गरे पश्चात धितोको मुल्याङकनको आधारमा बढीमा

६०% सम्म ऋण लगानी गर्ने र बिना धितो ऋणको प्रकार हेरी रु.५,००,०००।- (पाँच लाख) सम्म मात्र ऋण लगानी गर्न पाउने नियम छ। ऋणको लगानीको बारेमा कार्यालयको System (प्रणाली) हेर्दा थाहा हुन्छ। यस संस्थाबाट लगानी भएको ऋण (कर्जा) हरु मध्ये केही खराब कर्जा रहेको छ। कानून संगत लगानी भएको ऋणको समेत म्याद समाप्त भई सक्दा समेत कर्जा उठ्न सकेको छैन। सोही बिषयमा ताकेता गर्दा समेत खराब कर्जा उठ्न नसकेको हुँदा निक्षेप फिर्ता समेत गर्न सकेको छैन, खराव कर्जा तथा साधारण कर्जा लिने ब्यक्तीहरुको बिबरण समेत System (प्रणाली) मा हेर्दा नै प्रष्ट हुन्छ। संस्थाका पदाधिकारी लगायत सदस्यहरु प्रभाकर थापा, अमित कार्की, उत्तम ढुंगेल, श्याम कोईराला, सरु भण्डारी, गोपाल ढकाल, दिलिप कुमार साह, राधादेवी लिम्बु, गोकुल थापा (पुरानो समितिको उपाध्यक्ष), ईन्द्रेश कर्ण (पुरानो संचालक समिति सदस्य) समेतले बिनाधितो ऋण (कर्जा) लिएका छन, जसमध्ये अमित कार्कीले संस्थामा जम्मा हुनु पर्ने रकमहरु संस्थाका कर्मचारी र बजार प्रतिनिधीहरु मार्फत सिटिजन बैंक खातामा संचालनमा रहेको अमित कार्कीको ब्यक्तिगत खातामा जम्मा गर्न लगाई हिनामिना गरेका छन् कती रकम जम्मा गर्न लगाएका छन भन्ने एकिन खुलाउन सक्दिन, संस्थाको विनियम अनुसार बिना धितो रु.५,००,०००।- (पाँच लाख) सम्म मात्र ऋण लगानी गर्न पाईने प्राबधान रहेको छ, तर संस्थाका पुर्व अध्यक्ष लगायतका संचालक समितिका पदाधिकारीहरुले २०६२ सालबाटै बिना धितो ऋण प्रवाह गर्ने, अरुलाई ऋण प्रवाहको सिफारिस गर्ने, ऋण दिने गरेको र सोही रकमहरु समयमा नउठेको कारण संस्था बिस्तारै घाटामा गएको हो, जसमध्ये अमित कार्कीले संस्थाको धेरैजसो रकम आफ्नो ब्यक्तिगत खातामा जम्मा गरेको, बिनाधितो ऋण सिफारिस गरेको, ऋण उठाउन कुनै प्रयत्न नगरेको कारण संस्थाले ठुलो घाटा ब्यहोर्नु परेको कारण बचतकर्ताहरुको रकम फिर्ता गर्न नसकिएको हो। संस्थाबाट बिना धितो ठुलो परिमाणमा ऋण लगानी गर्दा म संस्थाको अध्यक्ष भएको हैसियतले संस्थाको सम्पुर्ण जिम्मेवारी मेरो हो तर ऋण प्रभाव गर्दा ऋण सिफारिस समितिमा अमित कार्की रहेको र निजले नै संचालक समितिमा पेश गर्ने भएकोले निजले पेश गरेको कतिपय निर्णय त्रुटीपुर्ण हुँदाहुँदै पनि निजको पक्षमा बहुमत सदस्य भएकोले जबरजस्ती तरिकाबाट पनि नियम बिपरित ऋण लगानी भएको छ। उक्त ऋणहरु हालसम्म उठाउन नसकेको हुँदा संस्थालाई समस्या पर्न गएको हो। संस्थाको लेखा परिक्षण बार्षिक रुपमा गरेको छौ, सिताराम पोखेल, बि.बि. कटुवाल र लक्ष्मी सापकोटा समेतबाट लेखा परिक्षण भएको हो, हामीले लेखा परिक्षणको बिबरण कर कार्यालय र प्रदेश सहकारी रजिष्टार तथा प्रशिक्षण कार्यालय ईनरुवामा पेश हुने गरेको छ। माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट हिनामिना, अपचलन भएको रकम तिर्ने बेहोर्ने दाहित्व संचालक समितिका अध्यक्ष म अमलेस कुमार कर्ण लगायत संस्थामा जोडिएका संचालक समितिका पदाधिकारी, संचालक समिति, सदस्यहरु, लेखा समिति, पुर्व संचालकहरु र संस्थाबाट रकम लिएर नतिर्ने ब्यक्तीहरु समेतको हो भनी उल्लेख गरेका छन्।

मिसिल संलग्न रहेको अन्तिम २०८० माघ मसान्तको लेखा परिक्षण प्रतिवेदनबाट प्रतिवादीहरुले २०६८ साल देखिनै संस्थाको रकम हिनामिना गर्दै आएको देखिन्छ। तसर्थः प्रस्तुत मुद्दामा संचालक समितीका पुर्व एवं हालका पदाधिकारी रहेका प्रतिवादीहरुले सहकारी संस्थाको रकम हिनामिना गरेको भन्ने स्पष्ट देखिन्छ। साथै उक्त सहकारीबाट ऋण प्रवाह गर्दा बिना सुरक्षण ऋण प्रवाह गर्ने, आफन्त तथा नजिकका मानिसको नाम नामेसी खुलाई ऋण दिने (कतिपयमा ऋण लिनेको हस्ताक्षर नभएको) वास्तविक प्रवाहित ऋण असुल उपर गर्ने पहल समेत नगरेको, आफै ऋण दिने लिने समेत गर्ने कार्य गरी सहकारीको नियम बिनियम बिपरीत ऋण कर्जा प्रवाह गरी ऋण लिएको रकम खाने पचाउने नियतले सहकारी संस्थालाई हानी नोक्सानी पुऱ्याउने कार्य समेत संस्थाका पदाधिकारी एवं ऋणि प्रतिवादीहरुको नियत रहेको देखिन्छ।

अतः माथि उल्लिखित विवेचित आधार प्रमाणहरु समेतबाट संस्थामा आवद्ध प्रतिवादीहरु **अमलेस कुमार कर्ण कायस्थ, सनातन कुमार मण्डल, उत्तम ढुंगेल, सोमी भगत, संजय भन्ने प्रभाकर थापा, तिर्थ प्रसाद यादव, श्यामराज कोइराला, गोपाल प्रसाद ढकाल, संजय कुमार कर्ण, निर्मला चौधरी, पंकज कुमार बर्मा, गोकुल थापा, अमित कार्की,**

**बिजय कुमार कर्ण, ईन्द्रेश कुमार कर्ण, राधादेवी लिम्बु, दिलिप कुमार साह, विनोद महत, सूर्य कुमार साह, भिम प्रसाद सिंह, राजु गुप्ता, दिपेन्द्र कुमार क्षेत्रीले माछापुच्छ्रे सहकारी संस्था लि.मा संचालक समिती तथा ऋण समितीमा रही उक्त संस्था बचतकर्ताहरुले जम्मा गरेको रकम तथा संस्थामा भएको आय सम्पत्ती तथा रकम समेत खाने पचाउने नियतले ऋण समेत प्रवाह गरी अन्य ऋणिहरुसँग समेत मिलेमतो गरी संस्थाको लेखा परिक्षण प्रतिवेदन एवं अन्तिम वासलात तथा दायित्व अनुसुची विवरणबाट देखिन आएको जम्मा रकम रु.७,८४,२६,३३५।९७ (सात करोड चौरासी लाख छब्बिस हजार तीन सय पैतिस रुपैयाँ सन्तानब्बे पैसा) हिनामिना गरी निज प्रतिवादीहरुले** सहकारी ऐन, २०७४ को दफा १२२ को देहाय (घ), (ङ), (च), (छ) र (त) बमोजिमको कार्य कसूर गरेको तथ्य स-प्रमाण पुष्टि हुन आयो ।

प्रतिवादीहरु श्याम कुमार श्रेष्ठ, बेलादेवी राजबंशी, कुमार श्रेष्ठ, कैलाश प्रसाद गुप्ता, नमराज गिरी, निरान्जन भगत, राजन कुमार छाराहाङ, अरबिन्द कुमार दास, बलराम खतिवडा, रोशन बज्रचार्य, भिम कुमार राय, रितेश बराल, सुरज लामिछाने, बिष्णु बहादुर दाहाल, टिका गुरुङ, रघुनाथ साह, तुलसी थापा, प्रेम प्रकाश न्यौपाने, अनिश गुरुङ, आशिष खनाल, राम प्रसाद भट्टराई, पुनम राजबंशी, अनिता कुमारी महत्तो, सरु भण्डारी, चुडामणी बराल, बजरंग गुप्ता, ज्ञानु कुमारी श्रेष्ठ, सुमन राय, संजित कुमार ठाकुर, सोनु महत्तो, सयामा राजबंशी, राज राजबंशी, ईन्द्रकमल राजबंशी, मिलन कार्की, प्रतिभा सुब्बा, सुसिल रेग्मी, भुवनेश्वर यादव, कुलदिप शर्मा, मो. फिरोज, प्रबिण थापा, डम्बरसिंह तामाङ, हिम कुमारी लिम्बु, मनोज कामत, मोहमद ऐयुव, रन्जिना तामाङ अग्रवाल, नकुल सहनी, सुभास कुमार अमात्य, सम्साद अलि मिया, उमेश कामत, अशोक कुमार परियार, आनन्द कुमार चौधरी, हेमु थापा, रमेश चापागाई, निरज बस्नेत, टिकामान कार्की, सचिन पोखरेल, किसन सुराना, मन्जु शर्मा, सुमन सापकोटा, यज्ञ बहादुर कार्की, सुमन बिश्वास, अगरबत्ती राजबंशी, बासुदेव रिजाल, बोध प्रसाद पोखरेल, बिकाश गुरुङ, छत्र लिम्बु, गौतम भण्डारी, लक्ष्मेन्द्र मोहन चौधरी, महमद ओसिम आलम, मान बहादुर कार्की, मन्दिरा तिवारी बिष्ट, नवराज पौडेल, निरज कुमार साह, निरज श्रेष्ठ, पुरुषोत्तम आचार्य, राहुल मल्लिक, प्रबिन रिजाल, प्रकाश पौडेल, तपन कुमार सिन्हा, राजेश प्रसाद केसरी, रेगन कडेल, रामदुलार राजबंशी, रघुनन्दन चौधरी, संजय विक्रम अधिकारी, सोहनलाल राजवंशी, सुमन उपाध्याय र सरस्वती राजवंशी समेतले माछापुच्छ्रे सहकारी संस्था लि.का संचालक व्यवस्थापक लगायतका पदाधिकारीसँग मिलेमतो गरी ऋण कर्जा लिई अपचलन गरी धितो समेत नराखी उक्त कर्जाको साँवा व्याज संस्थालाई नबुझाई खाने पचाउने नियतले बेईमानी गरी सहकारी संस्थालाई हानी नोक्सानी पुऱ्याउने नियतले संस्थाको कुल बिगो **रु.७,८४,२६,३३५।९७ (सात करोड चौरासी लाख छब्बिस हजार तीन सय पैतिस रुपैयाँ सन्तानब्बे पैसा) मध्ये ततत् तालिका विवरणमा उल्लेखित दायित्व बमोजिमको दायित्वमा रहेको** जम्मा रु.६,३४,७६,२२६।- (छ करोड चौतिस लाख छयत्तर हजार दुई सय छब्बिस) रुपैयाँ ऋण कर्जा बेईमानी पूर्वक संस्था संचालक समितीका मानिसहरुसँग मिलेमतो गरी हिनामिना गरी निज प्रतिवादीहरुले सहकारी ऐन, २०७४ को दफा १२२ को देहाय (छ) बमोजिमको कार्य कसूर गरेको तथ्य स-प्रमाण पुष्टि हुन आयो ।

<u>अभियुक्तलाई हुनुपर्ने सजायः</u>

माथि विश्लेषित तथा तल उल्लेखित कानूनी व्यवस्थाको उल्लंघन गरी प्रतिवादीहरु **अमलेस कुमार कर्ण कायस्थ, सनातन कुमार मण्डल, उत्तम ढुंगेल, सोमी भगत, संजय भन्ने प्रभाकर थापा, तिर्थ प्रसाद यादव, श्यामराज कोइराला, गोपाल प्रसाद ढकाल, संजय कुमार कर्ण, निर्मला चौधरी, पंकज कुमार बर्मा, गोकुल थापा, अमित कार्की, बिजय कुमार कर्ण, ईन्द्रेश कुमार कर्ण, राधादेवी लिम्बु, दिलिप कुमार साह, विनोद महत, सूर्य कुमार साह, भिम प्रसाद सिंह, राजु गुप्ता, दिपेन्द्र कुमार क्षेत्रीले सहकारी ऐन, २०७४ को दफा १२२ को देहाय (घ), (ङ), (च), (छ) र (त) बमोजिमको कार्य कसूर गरेकोले निज प्रतिवादीहरुलाई ऐ.ऐनको दफा १२४ को उपदफा (१) को देहाय (घ)(४) बमोजिम विगो रु.७,८४,२६,३३५।९७ (सात करोड चौरासी लाख छब्बिस हजार तीन सय पैतिस रुपैयाँ सन्तानब्बे पैसा) बिगो कायम गरी संस्था मार्फत नै पीडित जाहेरवालालाई बिगो भराई सो बाहेकको दायित्व समेतको बाँकी रकम**

**समेत संस्थालाई दिलाई भराई प्रतिवादीहरुलाई बिगो बमोजिम जरिवाना गरी चार वर्षदेखि छ वर्षसम्म कैद सजाय गरी पाउँ।**

**प्रतिवादीहरु** श्याम कुमार श्रेष्ठ, बेलादेवी राजबंशी, कुमार श्रेष्ठ, कैलाश प्रसाद गुप्ता, नमराज गिरी, निरान्जन भगत, राजन कुमार छाराहाङ, अरबिन्द कुमार दास, बलराम खतिवडा, रोशन बज्रचार्य, भिम कुमार राय, रितेश बराल, सुरज लामिछाने, बिष्णु बहादुर दाहाल, टिका गुरुङ, रघुनाथ साह, तुलसी थापा, प्रेम प्रकाश न्यौपाने, अनिश गुरुङ, आशिष खनाल, राम प्रसाद भट्टराई, पुनम राजबंशी, अनिता कुमारी महत्तो, सरु भण्डारी, चुडामणी बराल, बजरंग गुप्ता, ज्ञानु कुमारी श्रेष्ठ, सुमन राय, संजित कुमार ठाकुर, सोनु महत्तो, सयामा राजबंशी, राज राजबंशी, ईन्द्रकमल राजबंशी, मिलन कार्की, प्रतिभा सुब्बा, सुसिल रेग्मी, भुवनेश्वर यादव, कुलदिप शर्मा, मो. फिरोज, प्रबिण थापा, डम्बरसिंह तामाङ, हिम कुमारी लिम्बु, मनोज कामत, मोहमद ऐयुव, रन्जिना तामाङ अग्रवाल, नकुल सहनी, सुभास कुमार अमात्य, सम्साद अलि मिया, उमेश कामत, अशोक कुमार परियार, आनन्द कुमार चौधरी, हेमु थापा, रमेश चापागाई, निरज बस्नेत, टिकामान कार्की, सचिन पोखरेल, किसन सुराना, मन्जु शर्मा, सुमन सापकोटा, यज्ञ बहादुर कार्की, सुमन बिश्वास, अगरबत्ती राजबंशी, बासुदेव रिजाल, बोध प्रसाद पोखरेल, बिकाश गुरुङ, छत्र लिम्बु, गौतम भण्डारी, लक्ष्मेन्द्र मोहन चौधरी, महमद ओसिम आलम, मान बहादुर कार्की, मन्दिरा तिवारी बिष्ट, नवराज पौडेल, निरज कुमार साह, निरज श्रेष्ठ, पुरुषोत्तम आचार्य, राहुल मल्लिक, प्रबिन रिजाल, प्रकाश पौडेल, तपन कुमार सिन्हा, राजेश प्रसाद केसरी, रेगन कडेल, रामदुलार राजबंशी, रघुनन्दन चौधरी, संजय विक्रम अधिकारी, सोहनलाल राजवंशी, सुमन उपाध्याय र सरस्वती राजवंशीले **सहकारी ऐन, २०७४ को दफा १२२ को देहाय (छ) बमोजिमको कार्य कसूर गरेकोले निज प्रतिवादीहरुलाई ऐ.ऐनको दफा १२४ को उपदफा (१) को देहाय (घ)(४) बमोजिम** कुल बिगो **रु.७,८४,२६,३३५।९७ (सात करोड चौरासी लाख छब्बिस हजार तीन सय पैतिस रुपैयाँ सन्तानब्बे पैसा) मै दायित्वमा रहेको** जम्मा रु.६,३४,७६,२२६।- (छ करोड चौतिस लाख छयत्तर हजार दुई सय छब्बिस) रुपैयाँ **बिगो कायम गरी संस्था मार्फत नै पीडित जाहेरवालाहरुको बिगो भराई सो बाहेकको दायित्व समेतको बाँकी रकम समेत संस्थालाई दिलाई भराई प्रतिवादीहरुलाई बिगो बमोजिम जरिवाना गरी चार वर्षदेखि छ वर्षसम्म कैद सजाय गरी पाउँ।**

सम्वद्ध सक्कल मिसिल तथा पक्राउ प्रतिवादी अमलेस कुमार कर्ण कायस्थलाई मिति २०८१।०६।१७ गते पेश गर्नुपर्नेमा ऐ.१७ गतेदेखि ३० गतेसम्म दशै (पर्व) विदा परी अदालत बन्द रहेकोले मुलुकी फौजदारी कार्यविधी नियमावली, २०७५ को नियम ३४ बमोजिम अड्डा खुलेको दिन आज यसै अभियोगपत्र साथ पेश गरिएको छ।

**<u>क्षतिपूर्तिको मागदावीः</u>**

**<u>सजाय कम वा सजायमा छुटको मागदावी र आधारः-</u> X**

**<u>अभियोग मागदावीसँग सम्बन्धित कानूनी व्यवस्था</u>:- सहकारी ऐन, २०७४ को दफा १२२ मा "कसैले देहायको कार्य गरेमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछ"। तथा ऐ.ऐनको दफा १२२ को उपदफा (घ) मा "समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीले सहकारी संस्थाको सम्पत्ती, बचत वा शेयर रकम हिनामिना गरेमा, उपदफा (ङ) मा "ऋण असुल हुन नसक्ने गरी समितिका कुनै सदस्य, निजको नातेदार वा अन्य व्यक्ति वा कर्मचारीलाई ऋण दिई रकम हिनामिना गरेमा, उपदफा (च) मा "समितिका कुनै सदस्यले एक्लै वा अन्य सदस्यको मिलेमतोमा सहकारी संस्थाको शेयर वा बचत रकम आफु खुसी परिचालन गरी सहकारी संस्थालाई हानी नोक्सानी पुऱ्याएमा", उपदफा (छ) मा "झुट्टा वा गलत विवरण पेश गरी कर्जा लिएमा, राखेको धितो कच्चा भएमा वा ऋण हिनामिना गरेमा, तथा उपदफा (त) मा "सहकारी संस्थालाई हानी नोक्सानी पुऱ्याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा गराउन, कुनै किसिमको रकम लिन वा दिन, बिना मूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैर कानूनी लाभ वा हानि पुऱ्याउने बदनियतले कुनै कार्य गरे वा गराएमा।" भन्ने कानूनी व्यवस्था रहेको छ ।**

<u>अन्य कुरा खुलाउनु पर्ने भए सो कुराहरुः-</u>

फरार रहेका प्रतिवादीहरु **सनातन कुमार मण्डल, उत्तम ढुंगेल, सोमी भगत, संजय भन्ने प्रभाकर थापा, तिर्थ प्रसाद यादव, श्यामराज कोइराला, गोपाल प्रसाद ढकाल, संजय कुमार कर्ण, निर्मला चौधरी, पंकज कुमार बर्मा, गोकुल थापा, अमित कार्की, बिजय कुमार कर्ण, ईन्द्रेश कुमार कर्ण, राधादेवी लिम्बु, दिलिप कुमार साह, विनोद महत, सूर्य कुमार साह, भिम प्रसाद सिंह, राजु गुप्ता, दिपेन्द्र कुमार क्षेत्री,** श्याम कुमार श्रेष्ठ, बेलादेवी राजबंशी, कुमार श्रेष्ठ, कैलाश प्रसाद गुप्ता, नमराज गिरी, निरान्जन भगत, राजन कुमार छाराहाङ, अरबिन्द कुमार दास, बलराम खतिवडा, रोशन बज्रचार्य, भिम कुमार राय, रितेश बराल, सुरज लामिछाने, बिष्णु बहादुर दाहाल, टिका गुरुङ, रघुनाथ साह, तुलसी थापा, प्रेम प्रकाश न्यौपाने, अनिश गुरुङ, आशिष खनाल, राम प्रसाद भट्टराई, पुनम राजबंशी, अनिता कुमारी महत्तो, सरु भण्डारी, चुडामणी बराल, बजरंग गुप्ता, ज्ञानु कुमारी श्रेष्ठ, सुमन राय, संजित कुमार ठाकुर, सोनु महत्तो, सयामा राजबंशी, राज राजबंशी, ईन्द्रकमल राजबंशी, मिलन कार्की, प्रतिभा सुब्बा, सुसिल रेग्मी, भुवनेश्वर यादव, कुलदिप शर्मा, मो. फिरोज, प्रबिण थापा, डम्बरसिंह तामाङ, हिम कुमारी लिम्बु, मनोज कामत, मोहमद ऐयुव, रन्जिना तामाङ अग्रवाल, नकुल सहनी, सुभास कुमार अमात्य, सम्साद अलि मिया, उमेश कामत, अशोक कुमार परियार, आनन्द कुमार चौधरी, हेमु थापा, रमेश चापागाई, निरज बस्नेत, टिकामान कार्की, सचिन पोखरेल, किसन सुराना, मन्जु शर्मा, सुमन सापकोटा, यज्ञ बहादुर कार्की, सुमन बिश्वास, अगरबत्ती राजबंशी, बासुदेव रिजाल, बोध प्रसाद पोखरेल, बिकाश गुरुङ, छत्र लिम्बु, गौतम भण्डारी, लक्ष्मेन्द्र मोहन चौधरी, महमद ओसिम आलम, मान बहादुर कार्की, मन्दिरा तिवारी बिष्ट, नवराज पौडेल, निरज कुमार साह, निरज श्रेष्ठ, पुरुषोत्तम आचार्य, राहुल मल्लिक, प्रबिन रिजाल, प्रकाश पौडेल, तपन कुमार सिन्हा, राजेश प्रसाद केसरी, रेगन कडेल, रामदुलार राजबंशी, रघुनन्दन चौधरी, संजय विक्रम अधिकारी, सोहनलाल राजवंशी, सुमन उपाध्याय र सरस्वती राजवंशीलाई लाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ५७ बमोजिम म्याद जारी गरी पाउँ।

**Goldkist** लखिएको **CPU** थान-१ बाट निकालिएको हार्डडिक्स परिक्षणको लागी पठाईएको हुँदा परिक्षण प्रतिवेदन पछि प्राप्त भएका बखत पेश गरिनेछ।

प्रतिवादी सनातन कुमार मण्डलको नाममा दर्ता कायम रहेको, सुनसरी शाहेबगंज-३ को कित्ता नं.५०, ३५०, सप्तरी भारदह-१ को कित्ता नं.१२०२, सुनसरी शाहेवगंज-३ को कित्ता नं.३४६, ४३, भिमराज मण्डलको नाममा दर्ता कायम रहेको सुनसरी पश्चिम कुशाहा-४ को कित्ता नं.१०६, ८९६, उत्तम ढुंगेलको नाममा रहेको मोरङ जतुवा कठकुप्पा १ को कित्ता नं.३१४४, ३१४३ र तिर्थ प्रसाद यादवको नाममा रहेको सुनसरी सत्तेरझोरा-३ को कित्ता नं.४०, ऐ.वडा नं.४ को कित्ता नं.५०, ५३, ५४, र मोरङ कन्चनबारी -९ को कित्ता नं.६५३ को जग्गाहरु मुलुकी फौजदारी कार्यविधी नियमावली, २०७५ को नियम ९२ बमोजिम रोक्का राखी पाउँ।

साथै गलत लेखा परिक्षण रिपोर्ट दिई संस्था घाटामा जाँदा पनि नाफा देखाई प्रतिवेदन पेश गर्ने सिताराम पोखरेल लगायतका हकमा र नाम नामेसी समेतको विवरण नखुलेका बिमल भण्डारी, रोजित भन्ने टंक अधिकारी, सिता घिमिरे, माधवनाथ खतिवडा, बल बहादुर कटुवाल, प्रकाश अधिकारी, शंकर यादव, अनुप घिमिरे र रमा शंकर देवको हकमा निजहरुको तीन पुस्ते विवरण खुली आएका बखत कानून बमोजिम गरिनेछ।

साथै प्रस्तुत मुद्दामा अन्य पीडितहरु समेत खुली आई जाहेरी परेका बखत मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ३५ बमोजिम गरिने व्यहोरा सादर अनुरोध छ।

<u>सबुद प्रमाणहरु</u>:-

**दसी प्रमाण तथा कसुरसँग सम्बन्धित चिज वस्तुः-** Goldkist लेखिएको CPU थान १, सनातन कुमार मण्डल, श्यामराज कोईराला, उत्तम ढुंगेल, प्रभाकर थापा, सोमी भगत, तिर्थ प्रसाद यादवको नामको नेपाली नागरिकताको प्रतिलिपीहरु १/१, राजु गुप्ता, दिपेन्द्र कुमार क्षेत्री, श्याम कुमार श्रेष्ठ, बेलादेवी राजबंशी, भिम प्रसाद सिंह, कुमार श्रेष्ठ, कैलाश प्रसाद गुप्ता, नमराज गिरी, प्रकाश अधिकारी, निरन्जन भगत, राजन कुमार छाराहाङ, अरबिन्द कुमार

दास, बलराम खतिवडा, रोशन , भिम कुमार राय, ऋतेश बराल, दिलिप कुमार साह, सुरज लामिछाने, बिष्णुबहादुर दाहाल, टिका गुरुङ, रघुनाथ साह, तुलसी थापा, प्रेमप्रकाश न्यौपाने, मनिष गुरुङ, आशिष खनाल, राम प्रसाद भट्टराई, प्रनम राजबंशी, बजरंग गुप्ता, अनिता कुमारी महत्तो, सरु भण्डारी, चुडामणी बराल, बजरंग गुप्ता, रानु श्रेष्ठ, सुमन राय, संजिव ठाकुर, सोनु महत्तो, सायमा राजबंशी, शंकर यादव, राज राजबंशी, ईन्द्रकमल राजबंशी, मिलन कार्की, प्रतिभा सुब्बा, सुसिल रेग्मी, भुवनेश्वर यादव, कुलदिप शर्मा, मोमहद फिरोज, प्रबिन थापा, राज राजबंशी, डम्बरसिंह तामाङ, हिम कुमारी लिम्बु, मनोज कामत, मोहमद ऐयुव, रन्जना अग्रवाल, नकुल सहनी, सुवास अमात्य, सम्सद अलि मिया, उमेश कामत, अशोक कुमार परियार, आनन्द कुमार चौधरी, हेमु थापा, रमेश चापागाई, निरज बस्नेत, टिकामान कार्की, सचिन पोखरेल, अनुप घिमिरे, किसन सुरन, मन्जु शर्मा, ईन्द्रेस कर्ण, सुमन सापकोटा, यज्ञ बहादुर कार्की, सुमन बिश्वास, अगरबत्ती राजबंशी, बाशुदेव रिजाल, बोध प्रसाद पोखरेल, बिकाश गुरुङ, छत्र लिम्बु, गौतम भण्डारी , लक्ष्मेन्द्र मोहन चौधरी, मोहमद ओसिम आलम, मान बहादुर कार्की, मन्दिरा तिवारी, नवराज पौडेल, निरज कुमार साह, निरज श्रेष्ठ, पुरुषोत्तम आचार्य, प्रल्हाद मल्लिक, प्रबिण रिजाल, प्रकाश पौडेल, तपन कुमार सिंन्हा, राजेश प्रसाद केसरी, रेगन कडेंल, राम दुलार राजबंशी, रामशंकर दुवे, रघुनन्दन चौधरी, संजय बिक्रम अधिकारी, सोहनलाल राजबंशी, सुमन उपाध्यय, सरस्वती राजबंशीको नामको ऋण फायलहरु थान १/१, माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्थाको विनिमय २०५७ थान १।

**गवाह:**- जाहेरवाला - दुर्गा हुमागाई समेत।

**देख्ने/सुन्ने:** बरामदी/खानतलासी मुचुल्काका मानिसहरु।

**प्रस्तुत कागजातहरु:**

पञ्जीकामा उल्लेखित मिसिल संलग्न कागजातहरु ।

यसै अभियोग-पत्रबाट प्रस्तुत मुद्दाको कारवाही शुरु गरी पाउन अनुरोध गरिन्छ ।

**कार्यालयको छाप**

**सरकारी वकीलको**,

दस्तखत:

नाम: सुदर्शन निरौला

दर्जाः सहायक जिल्ला न्यायाधिवक्ता

कार्यालयः जि.स.व.का., मोरङ ।

मिति: २०८१।०७।०१

**प्रतिवादीको लेखात्मक तथा रेखात्मक सहीछाप:**

| सि.नं. | नाम थर/लेखात्मक सही | रेखात्मक दाँया | रेखात्मक बाँया |
|---|---|---|---|
| १. | अमलेस कुमार कर्ण कायस्थ | | |